## बैठक संख्या: ३६

आज मिति २०७५।०५।३१ गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति–

१. नगर प्रमुख — श्री राजेन्द्र कुमार पोखरेल–
२. नगर उप प्रमुख — श्री मन्जु प्रसाई–
३. वडा अध्यक्ष — श्री रोशन राज पोखरेल–
४. वडा अध्यक्ष — श्री परशुराम गिरी –
५. वडा अध्यक्ष — श्री रुद्र प्रसाद चिमरीया–
६. वडा अध्यक्ष — श्री गोबिन्द प्रसाद पौडेल–
७. वडा अध्यक्ष — श्री कृष्ण बहादुर राई–
८. वडा अध्यक्ष — श्री लक्ष्मी प्रसाद ओली –
९. वडा अध्यक्ष — श्री लीला बहादुर कन्दङ्वा–
१०. वडा अध्यक्ष — श्री प्रेम बहादुर कटुवाल–
११. वडा अध्यक्ष — श्री प्रेम प्रसाद राजवंशी–
१२. कार्यपालिका सदस्य — श्री सिता अधिकारी–
१३. कार्यपालिका सदस्य — श्री साबित्रा बर्देवा–
१४. कार्यपालिका सदस्य — श्री चुवा लाल राजवंशी–
१५. कार्यपालिका सदस्य — श्री देबेन्द्र कुमार दर्जी–
१६. कार्यपालिका सदस्य — श्री कृष्ण माया भुजेल–
१७. कार्यपालिका सदस्य — श्री सुनिता खरेल सिग्देल–
१८. कार्यपालिका सदस्य — श्री नवलकिशोर दत्त कायस्थ–
१९. कार्यपालिका सदस्य — श्री मुना बयलकोटी
२०. कार्यवाहक वडा अध्यक्ष — श्री देवि प्रसाद अधिकारी —
२०. सदस्य सचिव — श्री देवेन्द्र कार्की

प्रस्तावहरु

१. संविधान दिवस मनाउने सम्वन्धमा ।
२. सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा ।
३. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि संशोधन सम्वन्धमा ।
४. युवा स्वरोजगार कार्यक्रम सम्वन्धमा ।
५. [illegible] पोषण कार्यक्रम सम्वन्धमा ।
६. होर्डिङ बोर्ड राख्ने सम्वन्धमा ।

निर्णय नं. १
प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७५ असोज ३ गते संविधान दिवस राष्ट्रिय दिवसको रुपमा ३ दिन मनाउने नेपाल सरकारको निर्णय भए वमोजिम यस नगरपालिकामा सो दिवस विचार गोष्ठी, वक्तृत्वकला, दिपावली लगायतका कार्यक्रम गरिने भएकोले उक्त कार्यक्रम संचालन गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

नवल किशोर दत्त - कार्यपालिका सदस्य - संयोजक
सीता अधिकारी - कार्यपालिका सदस्य - सदस्य
सावित्रा वर्देवा - कार्यपालिका सदस्य - सदस्य
हरि प्रसाद मिश्र - शिक्षा अधिकृत - सदस्य
निर्मल खतिवडा - प्र. अ. - सदस्य

निर्णय नं. ३
प्रस्ताव नं. २ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७५ वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गर्नु पर्ने भएकोले तपशिल वमोजिम हुने गरी भत्ता वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

| सि. न | वडा नं. | कनकाई क्षेत्रमा रहेका बैंक |
|---|---|---|
| १. | १ | प्राईम बैंक |
| २. | २ | एन.आइ.सि एसिया |
| ३. | ३ | मितेरी विकास बैंक |
| ४. | ४ | एन.आइ.सि एसिया |
| ५. | ५ | सिद्धार्थ बैंक |
| ६. | ६ | सनराईज बैंक |
| ७. | ७ | नेपाल बैंक |
| ८. | ८ | कनकाई विकास बैंक |
| ९. | ९ | कनकाई विकास बैंक |

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर कार्यपालिकाको मिति २०७५/०४/०७ गते को बैठकबाट स्वीकृत भएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ को अनुसूची ५ मा देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| अनुसूची | साविकको प्रावधान | संशोधित व्यवस्था |
|---|---|---|
| अनुसूची ५ को बुदा न. ३ को (घ) र (ङ) | (घ) वाटर पम्प - ३ थान<br>(ङ) भाइब्रेटर - ३ थान | (घ) वाटर पम्प - १ थान<br>(ङ) भाइब्रेटर - २ थान |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका मार्फत गत आर्थिक वर्षबाट संचालनमा ल्याइएको युवा स्वरोजगार कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउन तपशिल बमोजिमको युवा स्वरोजगार कार्यक्रम संचालन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री राजेन्द्र कुमार पोखरेल — | नगर प्रमुख | - संरक्षक |
| श्री चुवालाल राजवंशी — | कार्यपालिका सदस्य | - संयोजक |
| श्री युवराज चौलागाई — | वडा सदस्य | - सदस्य |
| श्री शशिकान्त मैनाली — | वडा सदस्य | - संरक्षक |
| श्री राजेन्द्र प्रसाद पोखरेल — | शाखा अधिकृत | - सदस्य सचिव |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा उपमेयर सुत्केरी पोषण कार्यक्रमको लाभग्राहीहरुको विवेकपूर्ण तथा वस्तुनिष्ट छनौट गर्दै तोकिएको सेवा सुविधा उपलब्ध गराउन उक्त कार्यक्रम संचालनको लागि गठन भएको संचालन समितिलाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिकाको सीमा क्षेत्रमा हाललाई तिन स्थानमा स्वागत होडिङ्ग वोर्ड राख्ने निर्णय गरियो ।